# ईन्द्रावती गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय
## बागमती प्रदेश, नेपाल

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७८

गाउँ कार्यपालिकाको मिति २०७८।०५।१७ गतेको  बैठकबाट स्वीकृत

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७८

**प्रस्तावना** : ईन्द्रावती गाउँपालिका, नवलपुर भित्र, खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) का अधिकार प्रयोग गरी ईन्द्रावती गाउँ कार्यपालिकाले देहायका निर्देशिका जारी गरेको छ ।

## परिच्छेद– १ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भ :** क) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०७८" रहने छ ।

ख) यो निर्देशिका गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रशंगले अर्को अर्थ लागेमा यस निर्देशिकामा :

क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन संझनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

घ) "गाउँपालिका" भन्नाले ईन्द्रावती गाउँपालिका, नवलपुर लाई सम्झनु पर्छ ।

ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

च) "सेवा" भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति**

१. एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेका एक गाउँ एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्षः | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| ग. एम्बुलेन्स रहेको सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |

घ. कार्यपालिकाका सदस्यहरु मध्ये महिला/दलित/अल्पसंख्यक समेतको प्रतिनिधत्व हुनेगरी गाउँपालिका अध्यक्षले मनोनित गरेको १ जना — सदस्य

ङ. गाउँपालिका स्वास्थ्य संयोजक १ जना — सदस्य सचिव

## ४. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिः

१. गाउँपालिकाले खरिद गरी आफैले संचालन गर्ने हकमा देहायको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| ख) स्वास्थ्य शाखा इकाई संयोजक | सदस्य |
| ग)एम्बुलेन्स सम्पर्क व्यक्ति | सदस्य |
| घ) महिला तथा बालबालिका इकाई | प्रमुख सदस्य |
| ङ) आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारी | सदस्य सचिव |

२. गाउँपालिका आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स उपदफा (१) बमोजिम गाउँपालिका आफैले संचालन नगरी कुनै संघसंस्थालाई हस्तान्तरण गरेमा सोको संचालन सोही संस्थाको व्यवस्थापन/कार्य समितिले संचालन तथा व्यवस्थापन समितिको कार्य गर्नेछ ।

३. उपदफा (२) बमोजिम कुनै संघसंस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग गाउँपालिकाले आवश्यक संझौता गरी हस्तान्तरण गर्नेछ ।

४. उपदफा (१) वा (२) बमोजिमको संचालन तथा व्यवस्थापन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेका मानिनेछ ।

५. समितिका बैठक आवश्यकता अनुसार बस्नेछ । समितिका बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६. समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. यस गाउँपालिका अन्तगर्त सम्बन्धित वडाहरुबाट सन्चालन हुने एम्बुलेन्सहरु सम्बन्धित स्वास्थ्य संस्था व्यवस्थापन समति वा सो समितिले गठन गरेको एम्बुलेन्स सन्चालन तथा व्यवस्थापन समिति मार्फत परिचालन हुनेछ ।

**५. समितिका काम कर्तव्य र अधिकार :** (१) समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारका आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण उलंघन गरेमा आवश्यकता अनुसार करार संझौता रद्ध गर्ने ।

ग) एम्बुलेन्स सेवाका वारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) जिल्ला स्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्न आवश्यकता अनुसार परिमार्जन गर्न सिफारिस गर्ने ।

ङ) सरोकारवाला तथा अन्य संघहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा वारे समिक्षा बैठक गर्ने ।

च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) चालकले अनुसुची १ बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

२. समितिका सदस्य सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३. ईन्द्रावती गाउँपालिका, नवलपुर अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँकार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने/नदिने निर्णय गर्नेछ । अस्पताल व्यवस्थापन समितिले निर्णय गरे बमोजिम गर्भवती, दिर्घरोगी, जेष्ठ नागरिक लागत बर्गको लागि विशेष छुट दिनेछ ।

**६. सेवा शुल्क सम्बन्धी व्यवस्था :**

१. एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसुची २ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ ।

२. एम्बुलेन्स सेवा वापत उठेका रकम दफा ३ को उपदफा (१) बमोजिम संचालन हुने भएमा

गाउँपालिकाले र उपदफा (२) बमोजिम संचालन हुने भएमा जुन संस्थालाई हस्तान्तरण गरिएको हो सोही संस्थाले एक अलग बैंक खाता/कोष खडा गरी त्यसमा जम्मा गर्नेछ।

३. सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

४. सो कोषको संचालन, संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ। कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ।

**७. चालकको नियुक्ति र सेवा सुविधा :**

१. एम्बुलेन्स सेवा संचालनका लागि गाउँकार्यपालिकाले वा अस्पतालले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुत्ती गर्नेछ।

२. चालकको पारिश्रमिक नेपाल सरकारले तोकिएको प्रचलित तलव स्केल बमोजिम र थप सुविधा सम्झैता बमोजिम हुनेछ।

३. चालकको रु ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ। बीमाका प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट बेहोरिनेछ।

४. चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची २ बमोजिम हुनेछ।

५. एम्बुलेन्स सेवा सुचारु हुँदा बिरामी बैठकको अवस्थामा चालकलाई भत्ता वापत काभ्रे धुलिखेल, काठमाडौं, भक्तपुर, लालितपुर क्षेत्रभित्र प्रतिटिप रु ३००। (तिन सय मात्र) र अन्य क्षेत्रको हकमा सो रकममा नघट्ने गरी समितिको निर्णय बमोजिम कोषबाट उपलब्ध हुनेछ।

६. चालकलाई संचालक समितिको निर्णयले थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ।

**८. एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभार :**

१. दफा ४ को उपदफा १ बमोजिम संचालन हुने एम्बुलेन्सको हकमा ईन्द्रावती गाउँपालिका, नवलपुर वार्ड. नं. ४ रहेको नवलपुर प्राथमिक अस्पताल नवलपुर र दफा ४ को उपदफा २ बमोजिम संचालन हुने एम्बुलेन्सको हकमा सम्बन्धित संस्थाको हातामा रहनेछ।

२. एम्बुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रु ५०००। सम्मको इस्टीमेट अनुसारको मर्मत दफा ४ को उपदफा (१) वा (२) बमोजिमको समितिको निर्णयानुसार हुनेछ। सो भन्दा बढीको मर्मत भएमा उक्त समितिको

सिफारीसमा दफा ३ को समितिले निर्णय गरे बमोजिम हुनेछ ।

३. एम्बुलेन्स सन्चालन गर्दा लगबुक अधावधीक ईन्धन खर्च, सामान्य आकस्मिक मर्मत सम्भार खर्च तथा आम्दानी चालकले मासिक अनिवार्य रुपमा समितिमा प्रतिवेदन गर्नुपर्नेछ ।

४. गाउँपालिकाले एम्बुलेन्स सञ्चालनका लागि अस्पताल वा स्वास्थ्य शाखाको स्वास्थ्य कर्मी १ जनालाई फोकल पर्सनको रुपमा तोकिनेछ ।

५. एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

**९. विविध :**

१. एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिका विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

२. एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

३. यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गाउँकार्यपालिकाले गर्नेछ ।

## अनुसुची - १

(निर्देशिकाको दफा ५ संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| सि.नं | स्थान देखि | स्थान सम्म | स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | प्राथमिक अस्पताल नवलपुर | वडा नं १ सिम्पालकाभ्रे तथा अन्य भाग सबै | ३०००।- | |
| २ | प्राथमिक अस्पताल नवलपुर | वडा नं १ छह्रे बसेरी | २०००।- | |
| ३ | प्राथमिक अस्पताल नवलपुर | वडा नं २ कुन्चोक स्वा. चौ र CHU जौडाडाँ र खुतुमे | १५०० ।- | |
| ४ | प्राथमिक अस्पताल नवलपुर | वडा नं २ र ३ वडा अन्य भाग, झ्याडी | २०००।- | |
| ५ | प्राथमिक अस्पताल नवलपुर | नवलपुर ४ नं वडा भरी | ८००।- | |
| ६ | प्राथमिक अस्पताल नवलपुर | ऐसेलुखर्क र ५ नं वडा माथि बेल्ट | ८००।- | |
| ७ | प्राथमिक अस्पताल नवलपुर | बाडेगाउँ CHU प्यूघर | १५०० ।- | |
| ८ | प्राथमिक अस्पताल नवलपुर | बाडेगाउँ ५ नं वडा अन्य भाग, धुसीने | २०००।- | |
| ९ | प्राथमिक अस्पताल नवलपुर | हवेली | १००० ।- | |
| १० | प्राथमिक अस्पताल नवलपुर | बाडेगाउँ स्वा.चौ.बसन्तपुर | १५०० ।- | |
| ११ | प्राथमिक अस्पताल नवलपुर | बाडेगाउँ ६ नं वडा अन्य भाग, तिनघरे | २०००।- | |
| १२ | प्राथमिक अस्पताल नवलपुर | वडा नं ७ तुलसीडाडाँ CHU पोखरे | २०००।- | |
| १३ | प्राथमिक अस्पताल नवलपुर | सिपापोखरे ७ नं वडा अन्य भाग | २५००।- | |
| १४ | प्राथमिक अस्पताल नवलपुर | वडा नं ८ सिपापोखरे स्वा.चौ. ज्यामीरेमाने | १५००।- | |
| १५ | प्राथमिक अस्पताल नवलपुर | ज्यामिरेमाने ८ नं वडा अन्य भाग | २०००।- | |
| १६ | प्राथमिक अस्पताल नवलपुर | वडा नं ९ CHU भोटसिपा तिनधारा पाटीगाउँ | २०००।- | |
| १७ | प्राथमिक अस्पताल नवलपुर | वडा नं ९भोटसिपा अन्य भाग | २५००।- | |
| १८ | प्राथमिक अस्पताल नवलपुर | वडा नं १० भोटसिपा स्वा.चौ | २०००।- | |
| १९ | प्राथमिक अस्पताल नवलपुर | वडा नं १० भोटसिपा अन्य भाग | २५००।- | |
| २० | प्राथमिक अस्पताल नवलपुर | वडा नं ११ र बोडगाउँ CHU | ३०००।- | |
| २१ | प्राथमिक अस्पताल नवलपुर | वडा नं १२ भिमटार र भिमटार स्वा.चौ | | |
| २२ | प्राथमिक अस्पताल नवलपुर | मेलम्ची प्रा.स्वा.के. | २०००।- | |
| २३ | प्राथमिक अस्पताल नवलपुर | चौतारा अस्पताल | २५००।- | |
| २४ | प्राथमिक अस्पताल नवलपुर | धुलिखेल बनेपाका अस्पतालहरु | ५५००।- | |
| २५ | प्राथमिक अस्पताल नवलपुर | काठमाण्डौ, भक्तपुर, ललितपुर अस्पतालहरु | ६५००।- | |
| **एम्बुलेन्स स्वास्थ्यकर्मी अनमी/ अ.हे.ब. सहित पठाउनपर्ने भएमा थप १०% शुल्क लाग्ने छ।** | | | | |

- एम्बुलेन्स प्रयोग वापतको शुल्क रकमको विल अनिवार्य रुपमा भुक्तानी गरी रसिद लिनुहुन अनुरोध छ।
- प्राथमिक अस्पताल नवलपुरको एम्वुलेन्स प्रयोग गर्दा लाग्ने शुल्क रकम नवलपुलाई केन्द्र विन्दुमानी शुल्क लाग्ने छ।
- ईन्द्रावती गाउँपालिका भित्र स्वास्थ्य संस्थामा सुत्केरी (डेलिभरी) सेवा लिनेलाई निशुल्क एम्वुलेन्स सेवा प्रदान गरिने छ।
- ईन्द्रावती गाउँपालिका अर्न्तगत स्वास्थ्य संस्थाहरुबाट रिफर गर्नुपर्ने अवस्थाभई यस गाउँपालिका बाहिर अस्पतालमा सुत्केरीका लागि रिफर भएका विरामिलाई एम्बुलेन्स सेवामा ५० प्रतिशत छुट गरिने छ।
- विपन्न नागरिक औषधी उपचार को निर्देशिका, २०७५ बमोजिमका विरामीहरुलाई एम्बुलेन्स सेवामा ५० % छुट गरिने छ।
- माथि उल्लेखित तोकिएका स्थान बाहेक अन्य स्थानहरुमा एम्वुलेन्स सेवा प्रदान गर्दा नियमानूसार दुरीको हिसाबले शुल्क लाग्ने छ।
- ईन्द्रापती गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिकलाई एम्बुलेन्स सेवा शुल्कमा ५० प्रतिशत छुट गरिने छ।
- उपचारको क्रममा एम्बुलेन्समा रहेको विरामीको आकस्मीक निधन हुन गएमा निजको घर वा गन्तव्य स्थान सम्म एम्बुलेन्सले पुऱ्याइदिनु पर्नेछ।

## अनुसुची - २

(निर्देशिकाको दफा ७ को उपदफा (४) संग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७८ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारीता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका वारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएको कुनै सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना वारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुर्‍याउनु पर्ने,

११. आफुले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागेदारी हुनेछ ।

म ...............................................ठेगाना .......................................................ना.प्र.प.नं. ............. जारी मिति ......................... जिल्ला, ड्राइभिङ लाइसेन्स नं. .......................... जारी मिति ............................................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । धादिङ जिल्ला ईन्द्रावती गाउँपालिका, नवलपुर को एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| **चालकको:** | **रोहवरमा प्रमाणित गर्ने व्यक्तिको:** |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| मिति: | पद: |

मितिः

**कार्यालयको छापः**

## अनुसुची - ३

**(निर्देशिकाको दफा ९ को उपदफा (१) संग सम्बन्धित)**

**“ग” वर्गको (common life support) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण**

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Follow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board
- Stethoscope, BP Apparatus, Torchlight
- Emergency Medicine